# विद्यालय शिक्षा:
# रुपान्तरणका लागि चिन्तन




शिक्षा नीति तथा अभ्यास केन्द्र

# विद्यालय शिक्षा: रूपान्तरणका लागि चिन्तन
## (Reflections for Transformation on Nepal's School Education)


| | | |
|---|---|---|
| पत्राचारका लागि | : | **शिक्षा नीति तथा अभ्यास केन्द्र**<br>**Center for Educational Policies and Practices (CEPP)**<br>पो.ब.नं. ४५५५, काठमाडौं, नेपाल<br>फोन : +९७७-०१-४११२३२०<br>इमेल : info@schoolingnepal.org<br>वेब : www.schoolingnepal.org |
| सम्पादन | : | **विजया सुब्बा, टीका भट्टराई** |
| टिपोट र फोटोहरू | : | **डा. सुरेश तामाङ, विनोददास गुरुङ, कृष्ण ओम थापा, माइकल राई** |
| प्रकाशन प्रति | : | **एक हजारप्रति** |
| मूल्य | : | रु.१००.०० |
| प्रकाशन मिति | : | **वैशाख २०७४ (April 2017)** |
| लेआउट | : | **कामसिंह चेपाङ** |
| मुद्रण | : | **सिटी अफसेट प्रेस** |


*यस प्रकाशनमा आधारित श्रव्यदृश्य सामग्री प्रकाशोन्मुख छ ।*

१ कार्यक्रमको पृष्ठभूमि र उद्देश्य ४



२ वृत्तचित्र रात्रि ६




३ प्रारम्भ ८



४ सहभागीहरूको मन्तव्य र छलफल १०

५ अभिभावकले गर्न सक्छन् १९



६ रूपान्तरणका लागि फुकाउनुपर्ने ४ गाँठा २०



७ अबको बाटो २७

१

# कार्यक्रमको पृष्ठभूमि र उद्देश्य

शिक्षा नीति तथा अभ्यास केन्द्र, ग्लोबल एक्सन नेपाल र सूर्योदय शैक्षिक प्रतिष्ठानको आयोजनामा **विद्यालय शिक्षाको रूपान्तरणः गाँठा र फुकाउने उपायहरू** विषयक दुई दिने आवासीय चिन्तनशाला काभ्रेपलाञ्चोकको धुलिखेलमा २०७३ भदौ २९ र ३० गते सम्पन्न भयो । यो सार्वजनिक शिक्षा प्रवर्द्धन सम्बन्धी शृङ्खलात्मक चिन्तन (संवाद)को दोस्रो कार्यक्रम थियो । पहिलो कार्यक्रम **सार्वजनिक शिक्षा किन र कसरी ?** २०७१ कात्तिक १६ र १७ गते ललितपुरको गोदावरीमा आयोजना गरिएको थियो ।



नेपालको नयाँ संविधान २०७२ सँगै शिक्षा ऐन आठौं संशोधन समेत लागू भएको अवस्था छ । त्यसै गरी देशमा विद्यालय शिक्षा कार्यक्रम एसएसआरपी सकिएर एसएसडिपी आएको छ । शिक्षा क्षेत्रमा साना ठूला प्रयत्नहरू भई नै राखेका छन् । तर यसको बावजुद पनि देशको सार्वजनिक शिक्षाले अपेक्षित फड्को मार्न भने सकेको छैन । यस सन्दर्भमा अघिल्लो कार्यक्रमको समीक्षा गर्ने र विद्यालय शिक्षाको रूपान्तरणमा भएका गाँठा (समस्या) फुकाउने उपायहरू खोज्ने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको थियो ।






# वृत्तचित्र रात्रि

## समीक्षाका लागि वृत्तचित्र

बेलुकीको भोजनपछि शुरू गरिएको यस कार्यक्रममा सहभागीहरूको परिचय पश्चात अघिल्लो कार्यक्रम तथा शिक्षा सम्बन्धी वृत्तचित्रहरू प्रदर्शन गरिएको थियो । सूर्योदय शैक्षिक प्रतिष्ठानका हरि थापाले अघिल्लो कार्यक्रमको भिडियो हेरेपछि दुई वर्षअघिको अवस्थामा के फरक पर्‍यो ? यस्ता कार्यक्रमको औचित्य के भनी समीक्षा गर्न अनुरोध गर्नुभयो ।

## चिन्तनका लागि वृत्तचित्र

नयाँ चिन्तनका लागि सुगत मित्राको ‘The Future of Learning’ प्रदर्शन गर्नुका साथै शिक्षा सम्बन्धी वृत्तचित्रहरूको संग्रह सहभागीहरूलाई वितरण गरियो । जसमा नेपालको सार्वजनिक शिक्षाका सन्दर्भमा तयार पारिएका ३ वटा, टेडटकबाट साभार गरिएका शिक्षा सम्बन्धी ४ जना उत्कृष्ट वक्ताहरू र १ वटा भूकम्प सम्बन्धी जानकारीमूलक भिडियोहरू समाविष्ट थिए ।

रात्रि पेयसहित आपसमा कुराकानी र चिन्तनमा लाग्न आग्रह गर्दै भोलि छलफल हुने विषयहरूको जानकारी गराइएको थियो ।



३

## प्रारम्भ

अपेक्षित सहभागीहरूको आगमनपछि सन्ध्याकालीन कार्यक्रमको समीक्षाबाट यसको शुरूआत भएको थियो । यस कार्यक्रममा शिक्षाविद्हरू, जनप्रतिनिधि, पेशागत सङ्गठन, सञ्चार माध्यम, विव्यस संघ/महासंघ, शिक्षासँग सरोकार राख्ने सरकारी निकाय र गैससका प्रतिनिधिहरू तथा आयोजकसमेत जम्मा ४८ (७ महिला) जनाको सहभागिता रहेको थियो । सहभागी सूची पृ. ३१मा हेर्नुहोस् ।
चिन्तनशालाका सहभागीहरूलाई स्वागत गर्दै कार्यक्रमको उद्देश्य, पृष्ठभूमि र रूपरेखा शिक्षा नीति



तथा अभ्यास केन्द्रका टीका भटराईले प्रस्तुत गर्नुभयो । उहाँले शिक्षाका रूपान्तरणमा भूमिका राख्ने व्यक्तित्व र उहाँहरूको भूमिका ध्यानमा राखेर आमन्त्रण गरिएको जानकारी गराउँदै सम्पूर्ण सहभागी व्यक्तित्वहरूलाई स्वागत गर्नुभयो । उहाँले एकजना मात्र माननीय सांसदका उपस्थितिले राजनीतिक दलहरूको शिक्षाप्रतिको चासोलाई बुझ्न सकिने टिप्पणी गर्नुहुँदै सांसद जयन्ती राईलाई प्रशंसा र धन्यवाद सहित यहाँ भएका चिन्तनबाट आएका विषय समितिमा गम्भीरताका साथ पुऱ्याउन अभिभारा पनि रहेको बताउनु भयो ।



५

# सहभागीहरूको मन्तव्य र छलफल

*हिमाल अझै अग्लो हुन्छ तिमी चढेपछि...* (श्री ज्ञानमन्दिर निमावि गढन, राईगाउँ, मकवानपुर कक्षा २ का विद्यार्थी र शिक्षकले कक्षामा गाएको गीत) कक्षामा गाउँदै गरेको भिडियो हेरेर दोस्रो दिन बिहानको सत्र शुरू भयो । अघिल्लो रात प्रस्तुत श्रव्यदृश्य सामग्रीका सन्दर्भमा सहभागीहरूका अभिव्यक्तिको मूल आशय तल प्रस्तुत छः

"विगत तीन वर्ष यता के के भए, कोशिश नभएको होइन तर अझै पनि सामुदायिक विद्यालयको स्थिति खस्केको छ कि सुध्रेको छ भन्न सकिने अवस्था छैन । शिक्षाले हुने नहुनेबीच सिर्जना गरेको दूरी हेर्नुपर्छ । सार्वजनिक विद्यालयमा विद्यार्थी संख्या घट्दो अवस्थामा रहेको छ, अर्कोतर्फ अभिभावकहरूको अपेक्षा पूरा भएको छैन । निजी विद्यालयतिर विद्यार्थीहरू आकर्षित भएको हो त ? तर कतिपय सार्वजनिक विद्यालयहरूले राम्रो गरिरहेका छन् । सबैले राम्रो गर्ने गरी हामीले के कस्ता प्रयासहरू गऱ्यौं ? अब के गर्न सकिन्छ ? सरकारको सार्वजनिक शिक्षाप्रतिको दृष्टिकोण के हो ? सरकार स्पष्ट हुनुपर्छ ।



**प्रा. केदारभक्त माथेमा**
सार्वजनिक शिक्षा अभियन्ता,
पूर्व उपकुलपति त्रिवि



**लालबहादुर बिसी**
अखिल नेपाल शिक्षक सङ्गठन

“निजी विद्यालयमा भन्दा सार्वजनिक विद्यालयमा विद्यार्थी बढ्दैछन् । सरकारको सार्वजनिक विद्यालयलाई बलियो बनाउने फरक नीति नल्याउने, निजी विद्यालयलाई प्राथमिकता दिने नीतिले सार्वजनिक शिक्षा कमजोर भएको छ । यसको उदाहरण विद्यालय समुदायलाई हस्तान्तरण गर्ने नीति हो, यसरी सार्वजनिक विद्यालय कसरी बलियो हुन्छ ?

विगत २० वर्षदेखि स्थानीय चुनाव नभएको अवस्थामा किस्ताबन्दीमा प्राप्त लोकतन्त्र नै धरापमा परेको छ । सार्वजनिक शिक्षाको कुरा उठाउनु पर्ने, विद्यार्थी संख्या बढाउन र सार्वजनिक शिक्षालाई आम समुदायको हितमा कसरी लगाउने कुरा उच्च प्राथमिकतामा पर्नुपर्छ । हाम्रो छलफल एकातिर हुने तर राज्यले जबरजस्ती कटौती र समायोजन (मर्जर)को नीति लिने कुरा मान्य छैन । जनताका कुरा सरकारले सुनेन ।

“यो मञ्चमा राजनीतिक नेतृत्व छैनन् । सार्वजनिक शिक्षामा स्वामित्वको प्रश्न कर्मचारीतन्त्रसँग पनि जोडिएको छ । नागरिक अनुगमन पुगेन तर नागरिक समाज अहिले सुषुप्त अवस्था (कोमा)मा छ, कसरी बौराउन सकिन्छ विचार गर्नुपर्‍यो ।



**डा. कृष्ण पौडेल**
अध्यक्ष (शिनीअके), अनुसन्धानकर्ता तथा कृषि नीति विशेषज्ञ

“अघिल्लो कार्यक्रमपछि केही सकारात्मक परिवर्तन भएका छन् । १७ थरी शिक्षकका समस्या समाधानमुखी रहेको अवस्था छ । बाल विकास केन्द्र विद्यालय संरचनाभित्रै परेको छ । विद्यालय क्षेत्र सुधार कार्यक्रम नै विद्यालय क्षेत्र विकास कार्यक्रम (सन् २०१६-२०२३ एसएसडीपी)को रूपमा आएकोले शिक्षामा केही सुधारका सङ्केत पनि देखिएका छन् । परिणाम आउन समय लाग्छ । हामी आशावादी हुनुपर्छ । सार्वजनिक शिक्षा ध्वस्तै भइहालेको भन्ने कुरामा म सहमत छैन । त्यतिविधि निराश हुनुपर्ने अवस्था छैन । विद्यार्थी संख्या घट्नु मात्रै चिन्ता लिइरहनु पर्ने विषय होइन । निजी विद्यालयहरूले मात्र विद्यार्थीहरू लगेका छैनन् । नक्शाङ्कन राम्रो नगरिएको र जथाभावी निजी विद्यालयहरू खोल्ने स्वीकृति दिनुले पनि यस्तो भएको हो । नयाँ पुस्ता विदेश पलायन हुनु, प्रजनन दर घट्नु पनि यसका अन्य कारणहरू हुन् । ४-५ जना सन्तान हुने समयको विद्यालय खोल्ने मापदण्डले निजी विद्यालयलाई फाइदा भएको हो । विद्यालय समायोजन (मर्जर)को कुरामा व्यावहारिकता पनि हेरिनु पर्छ र १० जना नै भए पनि हरेक बालबालिकाको शिक्षा पाउने हक सुनिश्चित हुनुपर्छ ।

शिक्षा निःशुल्क हुँदैन । खर्च लाग्छ, तर खर्च कसले व्यहोर्ने ? जुटाउने भन्ने मूल प्रश्न हो । अभिभावक, सरकार, गैसस वा अन्य कुनै उपाय छन् कि ? जो अभिभावकले खर्च गर्छन् उनीहरूले विद्यालयको स्वामित्व लिन्छन् । राम्रा भनेका विद्यालयमा कुनै न कुनै हिसाबले पैसा लिइन्छ । नत्र सरकारी अनुदानले मात्र अहिलेको स्कूल चल्न सक्दैनन् ।



**धनञ्जय शर्मा**
निवृत्त प्रधानाध्यापक, श्री ज्ञानोदय उमावि, बाफल, काठमाडौँ



**महाश्रम शर्मा**
निवृत्त शिक्षा प्रशासक

शिक्षामा सुधार भइरहेको छ तर अभिभावकहरूको अपेक्षा पूरा भएको छैन । तल्ला तहमा बढी ध्यान दिन अहिलेको व्यवस्थाले पुग्दैन । अभिभावकका प्रतिनिधि (विव्यस संघ, महासंघ)हरूले बोलेका कुराले पुगेन । विद्यालयहरू सुधारेका कुराहरू शिक्षक नेताले मात्र होइन विव्यसले पनि राम्रा गरेका उदाहरण पेश गर्नुपर्‍यो । शिक्षा निःशुल्क भने पनि पुग्ने गरी स्रोत राज्यले दिन सकेको छैन, दाताको ऋण छ । अहिलेकै स्थितिमा सार्वजनिक शिक्षाको विश्वास कसरी बढाउने ? मुख्य चुनौती हो । सरकारको खर्च गर्ने तरीकामा सुधार र स्रोत साधनको वितरण न्यायोचित हुनुपर्छ । शिक्षक व्यवस्थापन कठिन छ तर नगरी नहुने काम हो ।

आम जनतासँग प्रत्यक्ष सरोकार रहेका आधारभूत र सार्वजनिक सेवाहरू खासगरी शिक्षा, स्वास्थ्य, खानेपानी, यातायात र शौचालय समेत सर्वसाधारणको पहुँचमा छैन । लोकतन्त्रमा पनि सिण्डिकेट प्रणाली कायम छ । हाम्रै बलिदानले ल्याएको लोकतन्त्रको शिकारमा सार्वजनिक शिक्षा पनि परेको छ । यो राज्यको सामूहिक असफलता हो । यसको लागि को जिम्मेवार हुने ?



**बसन्त बस्नेत**
पत्रकार, *कान्तिपुर दैनिक*



**मणिराम गिरी**
अध्यक्ष, नेपाल सामुदायिक विद्यालय व्यवस्थापन समिति संघ

“संविधानतः सर्वत्र शिक्षा निःशुल्क हुनुपर्छ । सामुदायिक विद्यालयमा मात्र होइन निजी विद्यालयमा पनि आधारभूत शिक्षा निःशुल्क हुनुपर्छ । शिक्षा ऐनको व्याख्या गलत छ, शिक्षा निःशुल्क भन्ने तर विद्यालयलाई ‘अनुदान’ दिने भनिएकोले अनुदान शब्द हटाएर नेपाल सरकारको ‘नियमित बजेट’ हुनुपर्छ । शिक्षामा समुदाय र सरकारको सहकार्य आवश्यक छ, समुदायको सहभागिताले विद्यालय राम्रो हुन्छ । यसमा स्थानीय सरकारले केही गर्न सक्ने कुरामा हामी आशावादी हुन सकिन्छ । हालको विभाजित पेशागत सङ्गठन, दल, अभिभावकहरू सबै तहमा भेला भई छलफल गर्नु जरूरी छ । वर्तमान शिक्षामन्त्रीका १८ बुँदे घोषणा पत्रको एकै बुँदा ‘सबैले आफ्ना केटाकेटी सार्वजनिक विद्यालयमा पढाउने’ कुरा लागू गरे सार्वजनिक शिक्षामा सुधार हुन्छ ।

"विव्यसको पीडा कसैले सुनेको छैन । राज्य शिक्षाको दायित्वबाट पन्छिदै गएको छ । विदेशी लगानीले हाम्रो शिक्षा प्रणालीलाई नियन्त्रण गरेको छ । चौधरी ग्रुपहरूले विद्यालय चलाउँदै छन् । दुवै विद्यालय क्षेत्र सुधार कार्यक्रम (एसएसआरपी) र विद्यालय क्षेत्र विकास कार्यक्रम (एसएसडीपी)मा समुदायको सहभागिताका बारेमा कुनै कुरा उल्लेख भएको छैन । सामुदायिक विद्यालय समुदायमा हस्तान्तरण गर्ने भन्ने कुराको अर्थ विद्यालय समुदायको स्वामित्वमा छैन भन्ने प्रमाण हो । पहिले विद्यालयहरू समुदायले नै बनाउँथे । भूकम्पपछि निर्मित अस्थायी सिकाइ केन्द्र बनाउन समेत समुदायलाई सहभागी गराइएन । समुदायको सहभागिता विनाको विद्यालयलाई सामुदायिक विद्यालय भन्न मिल्दैन ।



**कृष्ण थापा**
अध्यक्ष, सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघ नेपाल

" शिक्षाका लागि दिइने बजेटमा निरन्तर कटौती भइरहेको छ । वार्षिक बजेट १७ बाट ११ प्रतिशतमा झरेको, लगानी नबढाउने र प्रक्रियामा पनि फेरबदल नगर्ने हो भने फरक नतिजा मात्र किन आशा गर्ने ? निजी विद्यालयबारे विद्यालय क्षेत्र विकास कार्यक्रम (एसएसडीपी) मौन छ । यसमा सरकारले के गर्न खोजेको हो ? शिक्षा ऐनको आठौं संशोधन एसएसडीपीको छायाँ भन्दा बढी छ भन्ने लाग्दैन । शिक्षक जति शहरमा विद्यार्थी जति गाउँमा छन् । तल्ला कक्षामा योग्य शिक्षकहरू छैनन् र तिनीहरूलाई कम तलबमा पढाउन लगाइएको छ अनि परिणाम कसरी राम्रो आउँछ ?

भूकम्पबाट अति प्रभावित जिल्लाहरू (जस्तैः धादिङ जहाँ ६०० भन्दा बढी विद्यालयहरू पूर्णतः क्षति भए) तर हालसम्म केही अस्थायी सिकाइ केन्द्रहरू (टिएलसी)को निर्माण बाहेक खासै काम भएको छैन । सरकारको 'स्कूल मर्जर' एक भन्दा बढी विद्यालय मिसाउने बाहेक केही भएको छैन । 'मर्जर' भएका विद्यालयका केटाकेटी धूलो खेलेर बसेका छन् । एउटा मर्ज भएको काठमाडौंकै सामुदायिक विद्यालयको चौर निजी विद्यालयको पहेँलो बसको पार्किङ्ग स्थलमा परिणत भएको छ ।



**लक्ष्मण शर्मा**
सचिव
नेपाल राष्ट्रिय शिक्षक सङ्गठन



**जयन्ती राई**
सांसद (मा. सदस्य, शिक्षा उपसमिति)

समग्रमा शिक्षाको स्तर खस्किएको अवस्था छ । नेपालको सार्वजनिक शिक्षामा विविध समस्याहरू छन् । भौगोलिक कठिनाइ, बसाइँसराइ, वैदेशिक रोजगारी, आर्थिक कमजोरी, पाठ्यपुस्तकको अभाव जस्ता कारणहरूले शिक्षा बेरोजगार उत्पादन गर्ने कारखाना मात्र बनेको छ । यसमा सुधार गर्न अब बन्ने शिक्षा नीतिमा के कस्ता कुराहरू आउनु जरुरी छ, त्यस सम्बन्धमा नीति निर्माताहरूसँग प्रत्यक्ष छलफल र समन्वय गर्न सुझाव दिन्छु ।

यस कार्यक्रमका सबैजसो सहभागीहरू सार्वजनिक विद्यालयकै उत्पादन हुन् । तर सबैको सोच नै नकारात्मक देखियो । यति राम्रो भयो अब के गर्ने ? भन्ने सोच हुनुपर्छ । मुहान खराब भएकोले मुहानै शुद्धीकरण गरिनुपर्छ । देशमा दशौं हजार गैससले शिक्षामा काम गर्छन्, हजारौं गोष्ठी हुन्छन् तर कार्यक्रमले के फरक पाऱ्यो भनेर अनुगमन गरिँदैन ।



**डा. आनन्द पौडेल**
उपसचिव, शिक्षा मन्त्रालय



**ज्ञानमणि नेपाल**
जिल्ला शिक्षा अधिकारी, लमजुङ

सबै सार्वजनिक विद्यालय खत्तम छैनन् । पुस्तकालयमा विद्यालय/अन्तरविद्यालय प्रतियोगिता गराउँदा सबै उत्कृष्ट नतिजा सार्वजनिक विद्यालयहरूबाट आएको थियो । सबै सरोकारवालाहरू आशावादी हुनुपर्छ ।




**प्रकाशसिंह अधिकारी**
सामुदायिक विकास प्रवर्तन केन्द्र

छलफलमा शिक्षाले समेट्नु पर्ने महत्त्वपूर्ण पक्षहरू शिक्षण र यसको नतिजा खासगरी सिकाइ उपलब्धि, समयसामेक्ष पाठ्यक्रम, शिक्षा/विद्यालयमा हुने भ्रष्टाचार र राजनीति आएनन्, ती आउनुपर्छ । शिक्षामा गैससहरूको योगदानबारे छलफल गरिनु आवश्यक छ । एसएसडीपीमा पनि गैससको भूमिका र योगदान छुटेको छ ।

५



विव्यस अध्यक्ष राजकुमार थापा (दायाँ) छलफल गर्दै ।

# अभिभावकले गर्न सक्छन्

बिहानी कार्यक्रमको अन्त्यमा अभिभावकले चाहेमा विद्यालयमा सुधार गर्न सक्छन् भन्ने विषयमा श्री सिद्धीगणेश उच्चमाध्यमिक विद्यालय गागलफेदी, काठमाडौंको एक वृत्तचित्र प्रदर्शन गरियो । पढाइ र विद्यार्थी घटेर शिथिल भएको विद्यालय विव्यस र समुदायको सक्रियताले विद्यालयमा आएको परिवर्तन उक्त भिडियोमा प्रस्तुत थियो । भिडियोमा विव्यसले विव्यस र शिक्षकका केटाकेटी आफ्नै विद्यालयमा पढाउन अनिवार्य गराएको, अभिभावकको चाहना अनुरूप अंग्रेजी माध्यममा पढाइ सञ्चालन गरेको र विव्यसमा युवाहरूको संलग्नता बढाएकोले विद्यालय सुध्रिन मद्दत गरेको विषय प्रस्तुत थियो । प्रस्तुतिपछि विभिन्न तरीकाले अभिभावकमा विद्यालय मेरो हो भन्ने भावनाको विकास गराउनु पर्ने र विद्यालयमा सुशासन कायम गर्नुपर्ने कुरा कार्यक्रममा उपस्थित विव्यस अध्यक्ष राजकुमार थापाले बताउनुभयो ।

# ६

## रूपान्तरणका लागि फुकाउनुपर्ने ४ गाँठा

आयोजक र उनका सहयोगी एवं शुभेच्छु शिक्षा विज्ञहरूबीच निजी विद्यालयका प्रभावहरू र समग्र शिक्षा प्रणालीमा शिथिलता रहे पनि गरिएका प्रयत्नहरूले दिन सक्ने जति पनि परिणाम दिइराखेका छैनन् भन्ने विषयमा सघन छलफल भयो । **विद्यालय नक्साङ्कन** प्रभावकारी भएमा एक किसिमले सामुदायिक विद्यालयमा विद्यार्थीको संख्या न्यून मात्र होइन, निजी र सामुदायिकका विवाद पनि सहजै समाधान गर्न सकिने अपेक्षा राखिएको थियो । अझै पनि प्राथमिक तहमा ध्यान नपुगेको र पुगेको ठाउँमा पनि आधा घण्टे सिकाइले फाइदा नहुने र अर्थपूर्ण परिवर्तनका लागि प्राथमिक तह सुधार्न **'ग्रेड टिचिङ'** प्रणालीमा थोरै अभ्यास भए पनि धेरै परिणाम निकाल्न सम्भव हुने अनुभवजन्य अपेक्षा पनि रहेको थियो । यतिका प्रयत्न हुँदा पनि गुणस्तर कति नबढ्नुमा हाम्रो सिकाइ परीक्षाकेन्द्रित रहेकोले **परीक्षा प्रणाली** स्मरणमुखी भन्दा सोचमुखी बनाउन सकिए ठूलो फड्को मार्ने अनुमान गरियो । **विद्यालयको शुल्क मुद्दा** विद्यालयमा अभिभावकको स्वामित्व समेत प्रभावित गर्ने गरी सामुदायिक विद्यालय सपार्ने र बिगार्ने तत्व रहेकाले रूपान्तरणका लागि स्पष्ट हुन महत्त्वपूर्ण विषय ठहराइयो । यसकै आधारमा यी विषय छनौट गरिएका हुन् ।

यी मुख्य ४ विषयमा विज्ञहरूले गरेका प्रस्तुतीकरण र सहभागीहरूले पनि व्यक्त गरेका अनुभव र विचारहरू तल प्रस्तुत गरिएको छ ।



| विषय र प्रस्तोता | प्रस्तुतिको सारांश | प्रस्तुतीकरणमाथि गरिएका मुख्य टिप्पणीहरू |
|---|---|---|
| **प्राथमिक तहमा 'ग्रेड टिचिङ'**<br><br>(**नीरा शाक्य,** पूर्व निर्देशक, शिक्षा विभाग)<br><br> | १. 'ग्रेड टिचिङ' पढाउने विधि होइन यो कक्षा व्यवस्थापनको ढाँचा हो ।<br>२. बहुतह जहाँ पनि हुन्छ । शिक्षकले क्षमता बढाउनुपर्छ ।<br>३. परम्परागत विधि (ज्ञान भर्ने) भन्दा फरक । समस्याको समाधान खोज्ने हुने हुँदा शिक्षक र विद्यार्थी दुवैलई रूचिकर हुन सक्ने ।<br>४. खासगरी सानो कक्षाका लागि बढी उपयोगीसिद्ध भएकोले विद्यालयहरूमा तल्ला तहमा यसको प्रयोग गर्न सकिन्छ ।<br>५. यसमा एउटा शिक्षकले सबै उमेर समूहका एकै वा फरक रूची, सीप र मानसिक विकासको अवस्थाका विद्यार्थीहरूलाई एकै साथ राखी वर्षभरि सिकाउँछ ।<br>६. 'ग्रेड टिचिङ' अहिलेको स्थितिमा आवश्यक छ र सरकारले पनि आवश्यक ठानेको छ ।<br>७. यसका उपयोगकर्ताहरूले केही आधारभूत सिद्धान्तहरू जस्तै हरेक विद्यार्थी विशिष्ट र भिन्न हुन्छन् भन्नेमा विश्वास गर्दछन् । | • राम्रोसँग तयारी नभए, चुस्त व्यवस्थापन नभए र बच्चाले शिक्षक मन नपराए यो विधि खतरा हुने ।<br>• विधि कसरी पढाउने भन्दा बच्चाले कसरी सिक्छन् भन्ने आधारमा हुनुपर्छ ।<br>• ज्ञानोदय माविको अनुभवमा 'ग्रेड टिचिङ'को राम्रो प्रभाव परेको छ र यसलाई व्यवस्थित गर्न सकिएको छ । भौतिक संरचना भएका विद्यालयहरूमा यो विधि राम्रो हुनसक्छ । तसर्थ, पूर्व प्राथमिक कक्षाबाट नै लगानी गर्नुपर्दछ । आधारभूत आवश्यकता परिपूर्ति सरकारले गर्नुपर्छ ।<br>• बहुकक्षा बहुतह शिक्षण विधि (एमजीएमएल) अनुसार थोरै विद्यार्थीका लागि शिक्षक तयार गर्ने, विद्यार्थी संख्या कम र विद्यालय समायोजन गर्ने नीतिका लागि यो उपयुक्त हुन्छ ।<br>• हामी छत भएका नभएका, शिक्षक भएका नभएका, राम्रो नतिजा भएका नभएका र कुन स्तरका विद्यालयबारे कुरा गर्दैछौं ? शिक्षक नियुक्तिलगायत विद्यालयका अरू समस्या यथावत राखेर 'ग्रेड टिचिङ'मा लान सकिन्न । पहिलो शर्त योग्य शिक्षक हुन् । |

| विषय र प्रस्तोता | प्रस्तुतिको सारांश | प्रस्तुतीकरणमाथि गरिएका मुख्य टिप्पणीहरू |
|---|---|---|
| **विद्यालय नक्शाङ्कन**<br><br>**(ज्ञानेन्द्रप्रसाद भट्ट,** नक्शाङ्कन शाखा, शिक्षा विभाग)<br> | १. नक्शाङ्कन भनेको वास्तविक चीजलाई सानो आकारमा दृश्यात्मक रूपमा प्रस्तुत गर्ने काम हो । शिक्षाको सन्दर्भमा यसको उपयोग विद्यालयको विश्लेषण गर्न सहयोगी भएको ।<br>२. यो विद्यालयको सूक्ष्म योजना गर्न अति उपयोगी भएको, भारत तथा अन्य देशहरूमा यसको प्रयोगले जनसांख्यिक विवरणसहित विद्यालय योजना निर्माणमा सहयोग पुगेको, अनुगमनमा सञ्चार प्रविधिको उपयोग गर्न सकिने (तर इएमआइएसबाट पनि शैक्षिक तथ्याङ्क आउने हुँदा तथ्याङ्कमा दोहोरोपना हुन सक्ने) ।<br>३. नेपाल सरकारले यसको प्रयोग गोरखा जिल्लाबाट थालिसकेको, जहाँ मौजुदा करिब ७०० विद्यालयहरूमध्ये ७० भन्दा बढीमा ५ भन्दा कम विद्यार्थी रहेका अवस्था यसबाट देखिएको । | • विद्यालय संवेगले सञ्चालन हुन्छ । विद्यालय नक्शाङ्कन तर्कपूर्ण कुरा मात्र हो । संवेग र तर्कलाई कसरी मिलाउने ? प्रश्न जटिल छ । नक्शाङ्कनलाई केवल प्लटिङको रूपमा मात्र होइन, विद्यालय सुधारमा कसरी लगाउने, समायोजित विद्यालयलाई अन्य सामुदायिक भलाइका लागि उपयोग गर्ने र विस्थापित विद्यार्थीहरूलाई के गर्ने र कहाँ लैजाने जस्ता जटिल प्रश्नहरू यसले उठाएको ।<br>• समायोजनमा परेका विद्यालयहरूलाई पूर्णतः नष्ट नगरी अन्य सामुदायिक परिवर्तनका लागि जस्तै सामुदायिक सिकाइ केन्द्र वा पुस्तकालयको रूपमा विकास गरे राम्रो हुने ।<br>• विद्यालय अभिभावकले खोलेका हुन् । यसमा जनताको संवेग, आवेग, पैसा, मेहनत र पसिना परेको हुँदा यसलाई समायोजन गर्नु अपराध हो । ललितपुरका एक अभिभावकले आफू मरेको दिन मात्र गाउँको विद्यालय बन्द गर्न आग्रह गरेको उदाहरण रहेको ।<br>• स्रोत छरिएका छन् तर साना केटाकेटीका लागि विद्यालयसँगै बाआमाको काख चाहिन्छ । माथिल्लो तहका लागि आवासीय ठीक छ । हिमाली क्षेत्रमा विद्यालय कायम राख्नु पर्ने । |

| विषय र प्रस्तोता | प्रस्तुतिको सारांश | प्रस्तुतीकरणमाथि गरिएका मुख्य टिप्पणीहरू |
|---|---|---|
| | ४. नक्शाङ्कनलाई अझ प्रभावकारी रूपमा प्रयोग गर्न नसकिएको अवस्था रहेको । यसबाट हालको अवस्था र स्थानीय स्रोत साधनको विश्लेषण गर्न सकिने, शिक्षक र विद्यार्थीको तादम्यता मिलाउन सकिने ।<br>५. आगामी दिनमा देश संघीयतामा गएको अवस्थामा पनि राज्यस्तरमा नक्शाङ्कन अति उपायेगी हुने । | • शिक्षक र विद्यार्थीको अनुपात जस्ता कुराहरू त नीति नियमले परिवर्तन गर्न सकिने । नियमावली लचकदार बनाउन सकिने । यस सन्दर्भमा समुदायसँग बसेर छलफल र सहमति गर्न पनि जरूरी रहेको, विस्थापित विद्यार्थी र उनका परिवारको अधिकार भने खोसिनु नहुने ।<br>• यसले कार्य क्षमता बढाउँदैन, शिक्षक सार्ने मात्रलाई मर्जर भन्नु हुँदैन, यसलाई समाजसँग नजोडिकन हुँदैन । एउटा बच्चा भए पनि विद्यालय समायोजन गर्न पाइन्न । शिक्षकको क्षमता र जाँगर बढाउनुपर्छ ।<br>• समायोजन सदाको लागि होइन केटाकेटी हुने बित्तिकै समुदायमा विद्यालय हुन्छ ।<br>• विद्यालयहरूलाई सिक्ने र सिकाउने अनि सामाजिक रूपान्तरणको थलोको रूपमा विकास गर्नुपर्छ ।<br>• नेपालमा पनि आजीवन शिक्षा विधि अपनाउनु पर्छ । विद्यालय मात्र सिक्ने ठाउँ होइन । |

| विषय र प्रस्तोता | प्रस्तुतिको सारांश | प्रस्तुतीकरणमाथि गरिएका मुख्य टिप्पणीहरू |
|---|---|---|
| **सामुदायिक स्वामित्व र शुल्कको मुद्दा**<br><br>(**डा. राजेन्द्रध्वज जोशी,** परामर्शदाता)<br><br> | १. बहुसंख्यक सामुदायिक विद्यालयहरूबाट अभिभावकहरू असन्तुष्ट रहेको, मौजुदा प्रावधानहरूले शिक्षकहरूलाई राम्रो काम गर्न उत्साहित नगरेको ।<br><br>२. विद्यालय स्थापना गर्न जग्गा प्राप्त गरी तोकिए बमोजिमका भवन, शिक्षक तथा अन्य व्यवस्था गरी जिशिअको अनुमति प्राप्त गरेपछि समुदायले विद्यालय सञ्चालन गर्दछ । विद्यालय स्वीकृत नभएसम्म सरकारी साविक अनुदान विद्यालयले प्राप्त गर्दैन । स्वीकृत भएपछि पनि विद्यालयको सम्पूर्ण खर्च व्यहोर्ने जिम्मा सरकारले लिँदैन । तसर्थ, विद्यालयको खर्चको सालाखाला ५० प्रतिशत समुदायले व्यहोरेको देखिन्छ । तसर्थ, कानूनी रूपमा हेर्दा सामुदायिक विद्यालय सरकारी निकाय होइन ।<br><br>३. सामुदायिक विद्यालयको सुधारको सम्भावना पनि रहेको, राम्रा विद्यालयहरू अपवाद हुन् | • सामुदायिक विद्यालय कसको हो ? स्वामित्वको टुङ्गो लगाएपछि सुधार गर्न सकिन्छ । कानूनमा सामुदायिक भनिसकेपछि यसको दायित्व र अधिकार सम्पूर्ण रूपमा समुदायमा आउनु पर्नेमा अन्यथा भएको ।<br><br>• समुदायहरू पनि विद्यालयको सम्पूर्ण रूपमा जिम्मा लिइहाल्न सक्ने अवस्थामा नरहेको ।<br><br>• सामुदायिक विद्यालयको स्वामित्व समुदायको हो । स्वायत्त सामुदायिक विद्यालयमा भर पर्न सकिन्छ तर हालको सामुदायिक विद्यालयहरूबाट धेरै अपेक्षा गर्न सकिँदैन । एकमुष्ठ अनुदानमा आधारित सामुदायिक विद्यालयले निकास दिन सक्दछ । लागत बमोजिमको अनुदानविना सामुदायिक विद्यालयमा निःशुल्क शिक्षा लाद्न मिल्दैन । लागत बराबरको अनुदान वा गरीब विद्यार्थीका लागि अनुदान सहितको सशुल्क शिक्षा सम्भव छ ।<br><br>• सामुदायिक विद्यालयमा निःशुल्क शिक्षाको असर खासगरी मूल्य र सेवाबीच असमाञ्जस्यता रहेको, शिक्षकको आवश्यकता र आपूर्तिबीच अन्तर रहेको, तलबको लागि प्रति विद्यार्थी अनुदान व्यवस्थाको खारेजी तथा अन्य खर्चको र अनुदानबीच अन्तर रहेको अवस्था छ । |

| विषय र प्रस्तोता | प्रस्तुतिको सारांश | प्रस्तुतीकरणमाथि गरिएका मुख्य टिप्पणीहरू |
|---|---|---|
| | र राम्रा विद्यालयको नक्कल गर्न गाह्रो छ भन्ने कुरा सत्य होइन ।<br>४. शुल्क सबैले कुनै न कुनै तवरले लिएका छौँ तर नि:शुल्क भनेर संविधानमा राखियो ।<br>५. निजी बाहेक नै सार्वजनिक, सामुदायिक र सरकारी तीन किसिमका विद्यालयको प्रकृति पहिलो टुङ्गो लगाउनुपर्ने विषय हो ।<br>६. लागत बमोजिमको अनुदान सामुदायिक विद्यालयहरूले प्राप्त नगरेको ।<br>७. हालको अवस्थामा शिक्षक दरबन्दी पनि एक जटिल समस्या भएको तर कतिपय विद्यालयमा आवश्यक भन्दा बढी दरबन्दी रहेकोमा त्यसलाई स्थानीय निकायभित्र नै समायोजन गर्न सकिने अवस्था रहेको । | • नि:शुल्क शिक्षाको प्रतिफलका रूपमा गुणस्तरमा ह्रास आउन सक्ने, कानून मिच्ने बाध्यता र सबैको लागि शिक्षाका लागि बाधा हुने सम्भावना हुने पनि देखिन्छ । यसरी पूर्ण लगानी बेगरको नि:शुल्क शिक्षाले सामुदायिक विद्यालयहरूलाई धरासयी बनाएको अवस्था छ ।<br>• सामुदायिक विद्यालयको योगदानको कदर गरिनु पर्दछ, सरकारी विद्यालय विकल्प होइन, यसमा सर्वसाधारणको शिक्षामा पहुँचमा ठूलो योगदान छ ।<br>• सामुदायिक आवश्यकता परिपूर्तिका खातिर विद्यालय सञ्चालनको जिम्मा समुदायमै रहेको छ । त्यसैले सार्वजनिक विद्यालयको स्वामित्वबारेको भ्रम हटाउन अति आवश्यक छ ।<br>• नि:शुल्क शिक्षा भनेर विद्यालयलाई कानुन मिच्न बाध्य बनाएकोमा अब संविधानमै लेखेर गैरसंवैधानिक काम गर्न पनि बाध्य बनाइँदैछ ।<br>• समुदायमा शिक्षक पर्छन् कि पर्दैनन् ?<br>• समुदायको साझेदारितामा सरकारले विद्यालय सञ्चालन गर्नुपर्छ । ऐन नियम बाधक भए संशोधन गर्नुपर्छ । एउटा परीक्षण असफल भए अर्को गरौँ । |

| विषय र प्रस्तोता | प्रस्तुतिको सारांश | प्रस्तुतीकरणमाथि गरिएका मुख्य टिप्पणीहरू |
|---|---|---|
| **शिक्षण विधि र परीक्षा प्रणाली**<br><br>**(डा. लक्ष्मण ज्ञवाली)**<br><br> | १. शिक्षण सिकाइ खासगरी परीक्षामुखी भएको, विद्यार्थीले के र किन सिक्ने भन्दा पनि कति घोक्न सक्नेमा आधारित परीक्षा प्रणाली रहेको ।<br><br>२. नयाँ शिक्षा प्रणालीमा आन्तरिक मूल्याङ्कनको शुरूआत गरिएको भए पनि परम्परागत मूल्याङ्कन विधिमा समुदायको सहभागिता शून्य प्रायः रहेको र अन्य थुप्रै कमी कमजोरीहरू पनि भएको ।<br><br>३. २०४६ पछि निरन्तर मूल्याङ्कन प्रणाली लागू भए पनि अन्तिम परीक्षा नै सिकाइ मापनको लागि आधार भएको । | • शिक्षण सिकाइ मापनमा प्रभावकारिताका लागि परम्परागत विधिका वैकल्पिक विधिहरू अवलम्बन गर्न अति आवश्यक रहेको ।<br><br>• शिक्षकको भूतबाट विद्यार्थीलाई जोगाउन, समुदायलाई विद्यालयतर्फ आकर्षित गर्न र पाठ्यक्रमलाई जनजीविकासँग जोड्न नयाँ, वैकल्पिक र सिर्जनात्मक मूल्याङ्कन विधिहरू प्रयोगमा ल्याउनु पर्ने । यस्ता विधिहरूले शिक्षण सिकाइमा केही प्रभावकारिता ल्याउन सक्नेमा आशावादी ।<br><br>• निरन्तर मूल्याङ्कनको अभ्यास राम्रोसँग भएको छैन । दुई बच्चाको तुलनाभन्दा बच्चाको अघि र पछिको सिकाइ तुलना गर्नुपर्छ ।<br><br>• अभ्यास गर्ने प्रशिक्षक र अभ्यास गर्ने शिक्षक आवश्यक छ ।<br><br>• निजी विद्यालयमा केटाकेटी पढाउने नेता, कर्मचारीलाई सार्वजनिक विद्यालयमा छिर्न (काम) नदिने नगरी शिक्षा सुध्रन्न । |

नोटः विद्युतीय प्रस्तुतिहरू आवश्यक भए आयोजकसँग सम्पर्क गरी लिन सकिने छ ।

# अबको बाटो

विद्यालय शिक्षाको रूपान्तरणमा हाल रहेका विभिन्न समस्याहरू (गाँठा) फुकाउनका लागि गरिएका ४ विषयगत छलफलमा आएका प्रस्तोता र सहभागीका विचार र टिप्पणीहरू समेटेर अगाडिको बाटो तय गर्न ग्लोबल एक्सन नेपालका बाबुकाजी श्रेष्ठले आगामी हुने यस्तो बसाइमा परीक्षा प्रणाली, शिक्षा शुल्क, विद्यालय नक्शाङ्कन परीक्षा प्रणाली हरेक विषयमा थप छलफलको आवश्यकता रहेको बताउँदै छलफलमा आएका समग्र विचारको निचोड दिन सहभागीहरूलाई आग्रह गर्नुभएको थियो, जसको सारांश तलका बुँदा र अभिव्यक्तिहरूमा समेटिएको छ ।

- ✓ शिक्षक व्यवस्थापन र उनीहरूको आत्मबल विकास गर्ने काम अति जटिल रहेकाले योग्य शिक्षकको व्यवस्था र राजनीतिक प्रभावबाट मुक्तिको कुरामा व्यवहार र भनाइमा तादात्म्य हुनुपर्ने ।
- ✓ कक्षा केठाभित्रको कुरामा शिक्षक जवाफदेही हुनुपर्छ । पढाइसँग सिकाइ पनि जोडिएको हुन्छ भन्ने कुरा सबैले खासगरी शिक्षकहरूले मनन गर्ने ।
- ✓ शिक्षक तालिम र आधारभूत भौतिक अवस्थामा सुधार गर्नुपर्छ । कक्षा कोठा बाहिर चलाइने शिक्षक तालिम पैसाको नास मात्र हो त्यसमा लगानी घटाउने ।
- ✓ अपेक्षा धेरै नगर्ने तर शिक्षण सिकाइ न्यून र निराशाजनक रहेकोमा सबैले चिन्तनमनन गरी एकीकृत रूपमा अघि बढ्ने ।



**शिक्षा सुधारको सम्भावना सबैमा छ, शिक्षकले चाहेमा गर्न सक्छन्, प्रअले चाहेमा गर्न सक्छन्, अभिभावक, विव्यस वा जिल्ला शिक्षा कार्यालय जहाँबाट शुरू गरे पनि हुन्छ तर व्यावसायिक रूपले समूहमा काम गरौं ।**

*-डा. विद्यानाथ कोइराला*

- ✓ अधिकांश नीति तथा कार्यक्रमहरू समुदायसँग छलफल तथा सहकार्य नगरी योजना र कार्यान्वयन गरिएको हुँदा यसमा परिमार्जन गर्ने ।

**नागरिकहरूको निगरानी जारी राख्ने निकाय विव्यस हो तर यसले काम गर्न सकेन । यो सुशासनको पनि कुरा हो । छलफल विद्यालय तहसम्म कसरी लाने भन्ने विषय प्राथमिकीकरणमा परेन, पर्नु जरूरी छ ।**

*-राजकुमार थापा*

- ✓ विद्यालय सुशासनको कुरा गर्दा जनप्रतिनिधिहरूको पनि कुरा आउने तर विगत धेरै वर्षदेखि निर्वाचन भएको छैन । स्थानीय निकायको चुनाव भएपछि केही आशा गर्न सकिने ।

- ✓ विद्यालयका विशिष्ट समस्याको समाधान खोज्ने तर हतार र केवल लहडमा नयाँ नीति तथा कार्यक्रम नल्याउने । यसमा शिक्षा मन्त्रालय र शिक्षा विभागको कार्ययोजनाहरू पनि स्पष्ट र व्यावहारिक रूपमा आउनु पर्ने ।

- ✓ विद्यालयमा अपनत्वको प्रश्न कर्मचारीतन्त्रसँग पनि जोडिएको छ । यसमा नागरिक अनुगमन नपुगेकोले नागरिक समाज पनि जागरूकता साथ लाग्ने ।

**“ स्वामित्वको प्रश्न कर्मचारीतन्त्रसँग जोडिएको छ । अहिलेकै कर्मचारीतन्त्रले यसलाई अगाडि लान सक्दैन, बहस गरौँ । ”**

*-डा. कृष्ण पौडेल*

**“ शिक्षामा गैससको भूमिकाबारे छलफल गर्न आवश्यक छ । ”**

*-प्रकाशसिंह अधिकारी*

**“ यही फोरमले दबाब समूह बनाऔँ । ”**

*-ज्ञानमणि नेपाल/प्रकाश सिलवाल*

- ✓ सार्वजनिक शिक्षाप्रति धेरै अभिभावकहरू उदासीन रहेको, विव्यस बनाए जस्तो मात्र गर्ने गरेको, कमजोर विद्यार्थी (तेस्रो दर्जामा उत्तीर्ण)लाई मात्र शिक्षक बनाइएको जस्ता कुराहरू माथिल्लो तहसम्म पुऱ्याउन नसकेकाले सबै एकजूट भई लाग्ने ।
- ✓ शिक्षामा सुधार सम्भव छ तर सार्वजनिक शिक्षालाई प्रतिस्पर्धी बनाउनुपर्छ । यसका लागि माथिबाट नै प्रयास गरिनुपर्छ । विद्यालय शिक्षा राज्यको दायित्व हो ।

" नेपालका विद्यालय र अन्य सार्वजनिक संस्थाहरूमा समुदायको स्वामित्व नै भएन, त्यो कसरी ल्याउने छलफल गरौँ । नागरिक समाजको यसमा ध्यानाकर्षण कसरी गराउने छलफलमा लागौँ । "

*-प्रा. केदारभक्त माथेमा*

" हाम्रा विद्यालयहरू 'सरकारी वा सामुदायिक' कुन हुन्, आवश्यक भए नाम फेरौँ । सरकारले दिएको र सरकारी टोपी लगाउने मान्छेको विद्यालयलाई समुदायको हातमा कसरी ल्याउने छलफल गरौँ । "

*-डा. राजेन्द्रध्वज जोशी*



" काम गर्न मुद्दाहरू छाँट्नु पर्छ । मुद्दाहरू वर्गीकरण गरी काम शुरू गरौँ । "

*-डा. बालचन्द्र लुईंटेल*

" मुद्दा प्राथमिकीकरण गरौँ । विज्ञताअनुसार विज्ञ छानेर छलफल गरौँ । थप छलफल आवश्यक छ । "

*-लक्ष्मण शर्मा / महाश्रम शर्मा*

" अबको बाटो के भन्ने नखोज्ने हो भने यो कार्यक्रम गर्नुको कुनै औचित्य छैन । "

*-डा. आनन्द पौडेल*

# सहभागीहरूको  नामावली

| क्र.सं. | नाम | ठेगाना |
|---|---|---|
| १. | अनिता आचार्य | शिक्षा नीति तथा अभ्यास केन्द्र |
| २. | डा. आनन्द पौडेल | शिक्षा मन्त्रालय |
| ३. | डा.केदार भक्त माथेमा | पूर्व उपकुलपति, त्रिभुवन विश्वविद्यालय |
| ४. | प्रा.डा.केशवकुमार श्रेष्ठ | ग्लोबल एक्सन नेपाल |
| ५. | कृष्णओम थापा | सूर्योदय शैक्षिक प्रतिष्ठान |
| ६. | कृष्ण थापा | सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघ नेपाल |
| ७. | डा. कृष्णप्रसाद पौडेल | शिक्षा नीति तथा अभ्यास केन्द्र |
| ८. | कृष्णप्रसाद सापकोटा | |
| ९. | गणेश राई | कान्तिपुर दैनिक |
| १०. | गुणराज मोक्तान | नाङशाल एशोसिएसन नेपाल |
| ११. | गेहनाथ गौतम | पाठ्यक्रम विकास केन्द्र |
| १२. | ज्ञानेन्द्रप्रसाद भट्ट | शिक्षा विभाग |
| १३. | ज्ञानमणि नेपाल | जिल्ला शिक्षा कार्यालय लमजुङ |
| १४. | मा.जयन्ती राई | व्यवस्थापिका सांसद, भोजपुर |
| १५. | टीका भट्टराई | शिक्षा नीति तथा अभ्यास केन्द्र |
| १६. | धनञ्जय शर्मा | सिकाइ समूह |
| १७. | नारायण प्रसाद सुवेदी | शिक्षा विभाग |
| १८. | नीरा शाक्य | निवृत शिक्षा प्रशासक |
| १९. | प्रकाश सिलवाल | राष्ट्रिय समाचार समिति |
| २०. | प्रकाशसिंह अधिकारी | सामुदायिक विकास प्रवर्तन केन्द्र (आइएफसिडी) |
| २१. | बसन्त बस्नेत | कान्तिपुर दैनिक |
| २२. | बाबुकाजी श्रेष्ठ | ग्लोबल एक्सन नेपाल |
| २३. | डा. बालचन्द्र लुईंटेल | काठमाडौं विश्वविद्यालय, शिक्षा संकाय |
| २४. | मणिराम गिरी | नेपाल सामुदायिक विद्यालय व्यवस्थापन समिति संघ |
| २५. | महाश्रम शर्मा | निवृत शिक्षा प्रशासक |
| २६. | यादव भुसाल | ग्लोवल एक्सन नेपाल |
| २७. | राजकुमार थापा | श्री सिद्धिगणेश मावि, गागलफेदी, काठमाडौं |
| २८. | राजकुमार दुलाल | सोचान्तरण |
| २९. | राजभक्त डंगोल | ग्लोवल एक्सन नेपाल |
| ३०. | राजेन्द्रध्वज जोशी | विकास परामर्शकर्ता |
| ३१. | राम भट्टराई | शिक्षा नीति तथा अभ्यास केन्द्र |
| ३२. | डा. लक्ष्मण ज्ञवाली | काठमाडौं विश्वविद्यालय, शिक्षा संकाय |
| ३३. | लक्ष्मण शर्मा | महासचिव नेपाल शिक्षक सङ्गठन |
| ३४. | लालबहादुर बिसी | अखिल नेपाल शिक्षक सङ्गठन |
| ३५. | विजया सुब्बा | शिक्षा नीति तथा अभ्यास केन्द्र |
| ३६. | डा. विद्यानाथ कोइराला | निवृत प्राध्यापक, त्रिभुवन विश्वविद्यालय, शिक्षा संकाय |
| ३७. | विनोददास गुरूङ | शिक्षा नीति तथा अभ्यास केन्द्र |
| ३८. | वेदनिधि ढकाल | शिक्षा नीति तथा अभ्यास केन्द्र |
| ३९. | शकबहादुर बुढाथोकी | मार्टिन चौतारी |
| ४०. | सिन्द्रेला देवान | शिक्षा नीति तथा अभ्यास केन्द्र |
| ४१. | सुजाता तामाङ | शिक्षा नीति तथा अभ्यास केन्द्र |
| ४२. | सुदर्शन घिमिरे | सिकाइ समूह |
| ४३. | सुमित्रा राई | ग्लोबल एक्सन नेपाल |
| ४४. | सोमत घिमिरे | सामुदायिक विकास संगठन |
| ४५. | डा. सुरेश तामाङ | शिक्षा नीति तथा अभ्यास केन्द्र |
| ४६. | हरि थापा | सूर्योदय शैक्षिक प्रतिष्ठान |

## सार्वजनिक शिक्षा प्रवर्द्धन अभियानको तर्फबाट

| | | |
|---|---|---|
| **टीका भट्टराई** | **हरि थापा** | **बाबुकाजी श्रेष्ठ** |
| सदस्य सचिव | अध्यक्ष | निर्देशक |
| शिक्षा नीति तथा अभ्यास केन्द्र | सूर्योदय शैक्षिक प्रतिष्ठान | ग्लोबल एक्सन नेपाल |

